मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडको
छैटौं वार्षिक साधारण सभाको विवरण तथा निर्णयहरू

१. वैधानिक सभा :

मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लि. को मिति २०७५/०६/०९ गते बसेको सञ्चालक समितिको ७४ औं बैठकको निर्णयानुसार कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावली बमोजिम संस्थाको छैटौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री सन्जिब मानन्धरज्यूको अध्यक्षतामा निम्नलिखित मिति, समय तथा स्थानमा निम्न विषयहरू उपर छलफल एवं निर्णय भई देहाय बमोजिम सम्पन्न भयो ।

मिति : २०७५ कार्तिक ०९ गते शुक्रबार ।
समय : बिहानको ११:३० बजे प्रारम्भ भई २:०० बजे समापन ।
स्थान : होटल वाटर टावर, विदुर -४, बट्टार, नुवाकोटको सभा कक्ष ।

२. उपस्थिति :

(क) सञ्चालकहरूको उपस्थिति :

क्र.सं.	विद्यमान सञ्चालकहरूको नाम	पद	प्रतिनिधित्व	ग्रहण गरेको शेयर कित्ता
१	श्री सन्जिब मानन्धर	अध्यक्ष	प्राइम कमर्सियल बैंक लि., कमलपोखरी, काठमाडौं	२००२००
२	श्री पृथ्वी नारायण श्रेष्ठ	सञ्चालक	जनता बैंक नेपाल लि., नयाँ बानेश्वर, काठमाडौं	२००२००
३	श्री राजा अर्याल	सञ्चालक	ग्लोबल आइएमई बैंक लि., कमलादी, काठमाडौं	२००२००
४	श्री सजना मानन्धर	सञ्चालक	देव: विकास बैंक लि., लाल दरबार, काठमाडौं	२००२००
५	श्री बद्री प्रसाद पुडासैनी	सञ्चालक	सर्वसाधारण समूह	१४७
६	श्री सुमित बाबु खत्री	सञ्चालक	स्वतन्त्र	०

MERO MICROFINANCE BITTIYA SANSTHA LTD. Estd. 2069 CORPORATE OFFICE, BATTAR, NUWAKOT

(ख) अन्य पदाधिकारी एवं पर्यवेक्षकको उपस्थिति :

क्र.सं.	अन्य पदाधिकारी एवं पर्यवेक्षकको नाम	पद	प्रतिनिधित्व
१	श्री रामहरि दाहाल	प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव	मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लि., बट्टार, नुवाकोट
२	श्री नबराज दाहाल	नि. नायव प्रमुख कार्यकारी अधिकृत	मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लि., बट्टार, नुवाकोट

(ग) शेयरधनीहरूको उपस्थिति विवरण :

वित्तीय संस्थाको कूल शेयरधनी संख्या यस प्रकार रहेको छ ।

संस्थापक शेयरधनीको संख्या : १० (दश)
सर्वसाधारण शेयरधनीको संख्या : ३४,७७४ (चौतिस हजार सात सय चौहत्तर) रहेकोमा सभामा निम्न बमोजिम उपस्थिति रह्यो ।

बिक्री भएको कूल शेयर संख्या	शेयर संख्या (संस्थापक समूह)	शेयर संख्या (सर्वसाधारण समूह)	संस्थापक समूह उपस्थित संख्या	सर्वसाधारण समूह उपस्थित संख्या	जम्मा	उपस्थिति प्रतिशत
२८६००००	१९८४८४०	८७५१६०	१९८४८४०	१८३४३	२००३१८३	७०.०४

३. सभाको वैधानिकता :

(क) सभाको बारेमा सार्वजनिक सूचना :

कम्पनी ऐन २०६३ को दफा ६७(२) र कम्पनीको नियमावलीको नियम ४(३) बमोजिम सभा हुने मिति, स्थान, समय र छलफलको विषयको सूचना शेयरधनी महानुभावहरूको जानकारीको लागि मितिः २०७५ आश्विन १० गते र २२ गते राष्ट्रिय दैनिक पत्रिका “कारोबार” मा प्रकाशित गरिएको र मिति २०७५/०६/१६ गतेसम्म कम्पनीको शेयरधनी दर्ता पुस्तिकामा कायम रहेका शेयरधनी महानुभावहरूलाई आ.व. २०७४/७५ को वार्षिक प्रतिवेदनका साथ सभाको सूचना, सभाको प्रवेशपत्र तथा प्रोक्सी फारामहरू यस संस्थाको Website मार्फत सार्वजनिक गरिसकिएको व्यहोरा कम्पनी सचिव श्री रामहरि दाहालबाट जानकारी गराइयो ।

MERO MICROFINANCE BITTIYA SANSTHA LTD. Corporate Office, Battar, Nuwakot Estd. 2069

(ख) गणपूरक संख्या :

यस साधारण सभा प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता पुस्तिका मिति २०७५ आश्विन १६ मा कायम शेयरधनीहरू तथा उनीहरूले लिएको शेयरको विवरण यस प्रकार रहेको थियो ।

क्र.सं.	शेयरधनी	शेयरधनी संख्या	शेयर कित्ता	कैफियत
१	संस्थापक शेयरधनीहरू	१०	१९८४८४०	
२	सर्वसाधारण शेयरधनीहरू	३४७७४	८७५१६०	
	जम्मा	३४७८४	२८६००००	

कम्पनी ऐन २०६३ को दफा ७३(२) बमोजिम आवश्यक गणपूरक संख्या (कम्पनीको शेयरधनीहरू स्वयं वा प्रतिनिधि मार्फत भएको उपस्थिति एवं उपस्थित शेयरधनीहरूले ग्रहण गरेको साधारण शेयरहरूको संख्या) देहाय बमोजिम रहेको ब्यहोरा कम्पनी सचिव श्री रामहरि दाहालबाट अवगत भयो र उपस्थित शेयरधनीहरूले उपरोक्त ब्यहोरा जानकारी लिँदै सभा कानून बमोजिम बोलाइएको हुँदा पूर्वसूचित प्रस्तावहरूमा छलफल गर्न मन्जुर गर्नुभयो ।

बिक्री भएको कूल शेयर संख्या	शेयर संख्या (संस्थापक समूह)	शेयर संख्या (सर्वसाधारण समूह)	संस्थापक समूह उपस्थित संख्या	सर्वसाधारण समूह उपस्थित संख्या	जम्मा	उपस्थिति प्रतिशत
२८६००००	१९८४८४०	८७५१६०	१९८४८४०	१८३४३	२००३१८३	७०.०४

४. सभामा प्रस्तुत छलफलका विषयहरू :

शेयरधनीहरूको जानकारीका लागि कम्पनीले प्रकाशन गरेको सूचना र कम्पनीले शेयरधनीहरूलाई वितरण गरेको आफ्नो वार्षिक प्रतिवेदनमा उल्लेख गरिएबमोजिम यस वार्षिक साधारण सभामा छलफलका विषयहरू देहायबमोजिम रहेका थिए ।

(क) सामान्य प्रस्तावहरू

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आर्थिक वर्ष २०७४/७५ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७५ आषाढ मसान्तको वासलात तथा मिति २०७४ श्रावण १ देखि २०७५ आषाढ मसान्तसम्मको नाफा/नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरू छलफल गरी पारित गर्ने ।

MERO MICROFINANCE ... LTD. Estd. 2069 CORPORATE OFFICE, BATTAR, NUWAKOT

३. लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०७५/०७६ का लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (हाल बहालवाला लेखापरीक्षक श्री एम खनाल एण्ड कम्पनी पुनः नियुक्तिका लागि योग्य हुनुहुन्छ ।)

४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम २०७५ आषाढ मसान्तमा कायम रहेको चुक्ता पूँजीको ११.३२ प्रतिशतले हुन आउने नगद लाभांश रू. ३,२३,६३,१५७।८९ (बोनस शेयर र नगद लाभांशको कर प्रयोजनका लागि समेत) दिने प्रस्ताव माथि छलफल गरी पारित गर्ने ।

(ख) विशेष प्रस्तावहरू

१. सञ्चालक समितिबाट पारित भएबमोजिम २०७५ आषाढ मसान्तमा कायम रहेको चुक्ता पूँजीको १५ प्रतिशतले हुन आउने रकम रू. ४ करोड २९ लाख बराबरको बोनश शेयर जारी गर्ने ।

२. बोनस शेयर जारी पश्चात कायम हुन आउने जारी तथा चुक्ता पूँजी रू. ३२ करोड ८९ लाखको १०० प्रतिशत अर्थात १ : १ को अनुपातमा हकप्रद शेयर जारी गर्ने सम्बन्धमा । हकप्रद शेयर जारी गर्दा आउने भिन्न अंक (Fraction) लाई माथिल्लो पूर्ण अंकमा आवेदन दिन पाउने गरी जारी गर्ने र यसरी जारी गर्दा चुक्ता पूँजी बृद्धि हुने भएमा आगामी वार्षिक साधारण सभाबाट सो अनुमोदन गराउने गरी नेपाल धितोपत्र बोर्डमा थप धितोपत्र दर्ता गरी कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख गराउने सम्बन्धमा ।

३. हकप्रद शेयर आवेदन गर्ने हक जुन समूहको शेयरधनीको (संस्थापक/सर्वसाधारण) हो सोही समूह अर्न्तगत रहने गरी हक हस्तान्तरण गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने र सोही बमोजिम वित्तीय संस्थाको प्रबन्धपत्र/नियमावलीमा संशोधन गर्ने सम्बन्धमा ।

४. वित्तीय संस्थाको प्रबन्धपत्रको दफा १, ३, ४(१), ५, ६ (क), (ख), (ग) र (ज), ८(ज), ११(६) र (१३), १२, १३(२), १४ र १५ तथा नियमावलीको नियम १, ३ (क), (घ), (ज) र (ड) र ५३ मा आवश्यक संशोधन गर्ने सम्बन्धी बिशेष प्रस्तावमा छलफल गरी पारित गर्ने र प्रस्तावित संशोधनमा नियमनकारी निकायहरूबाट कुनै फेरबदल वा संशोधन वा परिमार्जनकालागि निर्देशन वा सुझाव आएमा सोहीबमोजिम गर्न गराउन सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।

(ग) विविध ।

५. सभाको सभापतित्व तथा उद्घाटन :

यस वार्षिक साधारण सभा सञ्चालनका लागि वैधानिक आवश्यकता पूरा भएकोले कम्पनी ऐन २०६३ को दफा ७४ (१) र कम्पनीको नियमावलीमा भएको व्यवस्था अनुसार कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री सन्जिब मानन्धरज्यूलाई सभाको सभापतित्व गर्न अनुरोध

MERO MICROFINANCE BITTIYA SANSTHA LTD. Estd. 2069 CORPORATE OFFICE, BATTAR, NUWAKOT

गरियो र त्यसै अनुरूप उहाँले सभाको सभापतित्व गर्नु भयो । तत्पश्चात् सभापति महोदयले पानसमा बत्ती बाली सभाको उद्घाटन गर्दै सभाको कार्यक्रम अघि बढाउनुभयो ।

६. स्वागत मन्तव्य :

सभापतिज्यूको अनुमति लिई संस्थाका कम्पनी सचिव श्री रामहरि दाहालले सभामा उपस्थित सञ्चालक समितिका सदस्य, शेयरधनी महानुभावहरू एवं अन्य आमन्त्रित महानुभावहरूलाई हार्दिक स्वागत गर्नुभयो ।

७. छैटौं वार्षिक प्रतिवेदन प्रस्तुत :

सभाको कामकारबाही शुरु गर्ने क्रममा सञ्चालक समितिका तर्फबाट अध्यक्ष श्री सन्जिब मानन्धरज्युले शेयरधनीहरूलाई सम्बोधन तथा स्वागत गर्दै सञ्चालक समितिको वार्षिक प्रतिवेदन पढेर सुनाउनुभयो । त्यसपछि लेखापरीक्षकको प्रतिवेदन सहितको २०७५ आषाढ मसान्तको वासलात तथा मिति २०७४ श्रावण १ देखि २०७५ आषाढ मसान्तसम्मको नाफा/नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण साधारण सभा समक्ष छलफल तथा निर्णयको रूपमा पारित गर्नका लागि प्रस्तुत गर्नुभयो । आ.व. २०७४/७५ मा संस्थाले गरेको प्रगति तथा आ.व. २०७५/७६ को भावी योजना तथा अन्य कार्यक्रमहरूका बारेमा विवरणहरू प्रस्तुत गर्नुभयो । त्यसका साथै अन्त्यमा धन्यवाद ज्ञापन गर्नुहुँदै शेयरधनीहरूको तर्फबाट कुनै जिज्ञासा तथा प्रतिक्रिया भए व्यक्त गर्नका लागि समय प्रदान गर्नुभयो ।

८. साधारण सभामा उठेका जिज्ञासा एवं प्रतिउत्तर :

(क) सर्वसाधारण शेयरधनी भत्तराम खड्काले लघुवित्त संस्थाहरूलाई वातावरण प्रतिकूल रहेपनि संस्थाले प्रस्ताव गरेको लाभांश तथा हकप्रदमा खुशी व्यक्त गर्दै संस्था दरिलो बनाउनका लागि पूँजी अपरिहार्य रहेको र आगामी दिनमा अझ बढी बोनस दिनसक्ने गरी ब्यवस्थापनले अझ प्रभावकारी तरिकाले काम गर्न सुझाव दिनुभयो ।

(ख) संस्थापक शेयरधनी सिटिजन्स बैंक इन्टरनेसनल लि. का प्रतिनिधि श्री प्रमेश राज कायस्थले संस्थाले प्रस्ताव गरेको हकप्रद शेयरको प्रक्रिया चाँडै नै अगाडी बढाउन सुझाव दिनुभयो ।

शेयरधनीका प्रतिनिधिहरूले राख्नुभएको जिज्ञासा र सुझावका सम्बन्धमा सभाका सभापतिले देहाय बमोजिमको जवाफ दिनुभयो ।

(क) संस्थाको लाभांशमा खुशी व्यक्त गर्ने सर्वसाधारण शेयरधनीलाई धन्यवाद दिँदै यस वित्तीय संस्था सँगसँगै खुलेका अन्य लघुवित्तको तुलनामा यस वित्तीय संस्थाको प्रगति अतुलनीय रहेको जानकारी दिनुभयो । साथै संस्था दरिलो बनाउनका लागि न्यूनतम तोकिएको चुक्ता पूँजीमा मात्र सीमित नरहने जानकारी समेत दिनुभयो ।

MERO MICROFINANCE BITTIYA SANSTHA LTD.
Estd. 2069
CORPORATE OFFICE, BATTAR, NUWAKOT

(ख) यस साधारण सभा लगत्तै हकप्रदको प्रक्रिया अगाडी बढाउने ब्यहोरा सभामा जानकारी दिनुभयो ।

शेयरधनीका प्रतिनिधिहरूले राख्नुभएको जिज्ञासा र सुझावका सम्बन्धमा सभाका अध्यक्षज्यूले जवाफ दिनुभएपछि छलफलको क्रम समाप्त भएको कम्पनी सचिवले सभामा जानकारी गराउनुभयो ।

९. सभाका निर्णयहरू :

आजको सभामा शेयरधनी महानुभावहरूले दिनुभएको अमूल्य सुझाव, सल्लाहलाई संस्थाले उच्च प्राथमिकतामा राखी कार्यान्वयन गर्दै जाने प्रतिबद्धता व्यक्त गर्दै आजको सभामा प्रस्तुत पूर्वसूचित प्रस्तावहरूलाई क्रमशः पारित गरिदिन अध्यक्षज्यूले अनुरोध गर्नुभयो । सबै प्रस्तावहरू उपर सभाका शेयरधनीहरूको सर्वसम्मत निर्णयबाट देहाएबमोजिम पारित गरियो ।

(क) सामान्य प्रस्तावहरू

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आर्थिक वर्ष २०७४/७५ को वार्षिक प्रतिवेदन सर्वसम्मतिले पारित गरियो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७५ आषाढ मसान्तको वासलात तथा मिति २०७४ श्रावण १ देखि २०७५ आषाढ मसान्तसम्मको नाफा/नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरू सर्वसम्मतिले पारित गरियो ।

३. आ.व. २०७५/७६ को लागि लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक तोक्ने सम्बन्धमा लेखापरीक्षण समितिबाट सिफारिस भए बमोजिम श्री एम खनाल एण्ड कम्पनीलाई नियुक्त गर्ने र निजलाई वैधानिक लेखापरीक्षण, कर लेखापरीक्षण, लङफर्म लेखापरीक्षण र प्रमाणिकरण पारिश्रमिक स्वरूप कर सहित रू. ४,१०,१९०/- (अक्षरुपी चार लाख दश हजार एक सय नब्बे मात्र) प्रदान गर्ने सर्वसम्मतिले पारित गरियो ।

४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम २०७५ आषाढ मसान्तमा कायम रहेको चुक्ता पूँजीको ११.३२ प्रतिशतले हुन आउने नगद लाभांश रू. ३,२३,६३,१५७/८९ (बोनस शेयर र नगद लाभांशको कर प्रयोजनका लागि समेत) दिने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

(ख) विशेष प्रस्तावहरू

१. सञ्चालक समितिबाट पारित भएबमोजिम २०७५ आषाढ मसान्तमा कायम रहेको चुक्ता पूँजीको १५ प्रतिशतले हुन आउने रकम रू. ४ करोड २९ लाख बराबरको बोनश शेयर जारी गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

MERO MICROFINANCE BITTIYA SANSTHA LTD.
Estd. 2069

२. बोनस शेयर जारी पश्चात कायम हुन आउने जारी तथा चुक्ता पूँजी रू. ३२ करोड ८९ लाखको १००% प्रतिशत अर्थात १ : १ को अनुपातमा हकप्रद शेयर जारी गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरियो। हकप्रद शेयर जारी गर्दा आउने भिन्न अंक (Fraction) लाई माथिल्लो पूर्ण अंकमा आवेदन दिन पाउने गरी जारी गर्ने र यसरी जारी गर्दा चुक्ता पूँजी बृद्धि हुने भएमा आगामी वार्षिक साधारण सभाबाट सो अनुमोदन गराउने गरी नेपाल धितोपत्र बोर्डमा थप धितोपत्र दर्ता गरी कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख गराउने प्रस्ताव सर्वसम्मतिले पारित गरियो।

३. हकप्रद शेयर आवेदन गर्ने हक जुन समूहको शेयरधनीको (संस्थापक/सर्वसाधारण) हो सोही समूह अर्न्तगत रहने गरी हक हस्तान्तरण गर्ने सम्बन्धी प्रस्ताव पारित गरियो र सोहीबमोजिम वित्तीय संस्थाको प्रवन्धपत्रमा दफा ८ (झ) तथा नियमावलीमा दफा ८ (क) थप गर्ने निर्णय समेत गरियो।

४. वित्तीय संस्थाको प्रवन्धपत्रको दफा १, ३, ४(१), ५, ६ (क), (ख), (ग) र (ज), ८(ज), ११(६) र (१३), १२, १३(२), १४ र १५ तथा नियमावलीको नियम १, ३ (क), (घ), (ज) र (ड) र ५३ मा आवश्यक संशोधन गर्ने सम्बन्धी विशेष प्रस्तावमा छलफल भई तपसिल बमोजिम संशोधन गरी प्रस्तावित संशोधनमा नियमनकारी निकायहरूबाट कुनै फेरबदल वा सुझाव आएमा आवश्यक संशोधन/समायोजन गर्न सञ्चालक समितिलाई अख्तियारी दिने निर्णय गरियो।

तपसिल :

प्रबन्धपत्रको प्रस्तावित संशोधनको तीन महले विवरण

साविक	प्रस्तावित संशोधन	कारण
१. कम्पनीको नाम : यस कम्पनीको नाम "मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड" हुनेछ र यसलाई अंग्रेजीमा Mero Microfinance Bittiya Sanstha Limited भनिनेछ। जसलाई यस पछि "वित्तीय संस्था" भनी सम्वोधन गरिने छ।	१. कम्पनीको नाम : यस कम्पनीको नाम "मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड" हुनेछ र यसलाई अंग्रेजीमा Meromicrofinance Laghubitta Bittiya Sanstha Limited भनिनेछ। जसलाई यस पछि "वित्तीय संस्था" भनी सम्वोधन गरिने छ।	बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ अनुसार
३. वित्तीय संस्थाले गर्ने व्यवसाय वा कारोबारको प्रकृति : यस वित्तीय संस्थाले बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ४७ को उपदफा (४) तथा यस प्रवन्धपत्र र नियमावली बमोजिम वित्तीय कारोबार गर्नेछ।	३. वित्तीय संस्थाले गर्ने व्यवसाय वा कारोबारको प्रकृति : यस वित्तीय संस्थाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ४९ को उपदफा (४) तथा यस प्रवन्धपत्र र नियमावली बमोजिम वित्तीय कारोबार गर्नेछ।	ऐन परिवर्तन भएको हुनाले

MERO MICROFINANCE BITTIYA SANSTHA LTD. Estd. 2069

४. वित्तीय संस्थाको मुख्य उद्देश्य : (१) नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३, कम्पनी कानून तथा अन्य प्रचलित कानूनको अधीनमा रही वित्तीय कारोबार गर्ने यस वित्तीय संस्थाको मुख्य उद्देश्यहरू देहाय बमोजिम हुनेछः-	४. वित्तीय संस्थाको मुख्य उद्देश्य : (१) नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी कानून तथा अन्य प्रचलित कानूनको अधीनमा रही वित्तीय कारोबार गर्ने यस वित्तीय संस्थाको मुख्य उद्देश्यहरू देहाय बमोजिम हुनेछः-	ऐन परिवर्तन भएको हुनाले
५. वित्तीय संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरू : यस वित्तीय संस्थाले दफा ४ बमोजिमको उद्देश्य प्राप्त गर्न कम्पनी ऐन,२०६३ को दफा १८ को उपदफा (१) को खण्ड (घ) र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ४७ को उपदफा (४) बमोजिम "घ" वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्थाको रूपमा रहने गरी सो ऐन, कम्पनी कानून तथा अन्य प्रचलित कानूनको अधीनमा रही देहाय बमोजिमका कार्यहरू गर्न सक्नेछ ।	५. वित्तीय संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरू : यस वित्तीय संस्थाले दफा ४ बमोजिमको उद्देश्य प्राप्त गर्न कम्पनी ऐन,२०६३ को दफा १८ को उपदफा (१) को खण्ड (घ) र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ४९ को उपदफा (४) बमोजिम "घ" वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्थाको रूपमा रहने गरी सो ऐन, कम्पनी कानून तथा अन्य प्रचलित कानूनको अधीनमा रही देहाय बमोजिमका कार्यहरू गर्न सक्नेछ ।	ऐन परिवर्तन भएको हुनाले
६. वित्तीय संस्थाको पूँजीको संरचना : यस वित्तीय संस्थाको पूँजीको संरचना देहाय बमोजिम हुनेछ :- (क) वित्तीय संस्थाको अधिकृत पूँजी रू. ४०,००,००,०००/- (अक्षेरुपी चालिस करोड) हुनेछ । सो पूँजीलाई प्रति शेयर रू. १००/- दरका ४०,००,००० (चालिस लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ । (ख) वित्तीय संस्थाको तत्काल जारी गर्ने शेयर पूँजी रू. २८,६०,००,०००/- (अक्षरेपी अठ्ाईस करोड साठ्ी लाख) हुनेछ । सो पूँजीलाई प्रति शेयर रू. १००/- दरका २८,६०,००० (अठ्ाईस लाख साठ्ी हजार) थान साधारण शेयरमा विभाजन गरिएको छ । (ग) वित्तीय संस्थाले तत्काल चुक्ता गर्न कबुल गरेको पूँजी रू. २८,६०,००,०००/- (अक्षरेपी अठ्ाईस करोड साठ्ी लाख) हुनेछ । सो पूँजी	६. वित्तीय संस्थाको पूँजीको संरचना : यस वित्तीय संस्थाको पूँजीको संरचना देहाय बमोजिम हुनेछ :- (क) वित्तीय संस्थाको अधिकृत पूँजी रू. १,००,००,००,०००/- (अक्षेरुपी एक अर्ब हुनेछ । सो पूँजीलाई प्रति शेयर रू. १००/- दरका १,००,००,००० (एक करोड) थान साधारण शेयरमा विभाजन गरिएको छ । (ख) वित्तीय संस्थाको तत्काल जारी गर्ने शेयर पूँजी रू. ६५,७८,००,०००/- (अक्षरेपी पैसठ्ी करोड अठहत्तर लाख) हुनेछ । सो पूँजीलाई प्रति शेयर रू. १००/- दरका ६५,७८,००० (पैसठ्ी लाख अठहत्तर हजार) थान साधारण शेयरमा विभाजन गरिएको छ । (ग) वित्तीय संस्थाले तत्काल चुक्ता गर्न कबुल गरेको पूँजी रू. ६५,७८,००,०००/- (अक्षरेपी पैसठ्ी करोड अठहत्तर लाख)	संस्थाको अधिकृत पूँजी बढाउनका लागि । संस्थाले १५% बोनश पश्चात कायम हुने जारी तथा चुक्ता पूँजी रू. ३२,८९,००,०००/- (अक्षरेपी बत्तीस करोड उनान्नब्बे लाख) को १०० % (१:१ अनुपातमा) हकप्रद शेयर जारी गरी जारी तथा

लाई प्रति शेयर रू. १००/- दरका २८,६०,००० (अठ्ठाईस लाख साठ्ठी हजार) थान साधारण शेयरमा विभाजन गरिएको छ । (ज) नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृती लिई कम्पनी ऐन, २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ तथा अन्य प्रचलित कानूनको अधीनमा रही वित्तीय संस्थाले आफ्नो पूँजी तथा स्वामित्वको संरचनामा हेरफेर गर्न सक्नेछ ।	हुनेछ । सो पूँजीलाई प्रति शेयर रू. १००/- दरका ६५,७८,००० (पैसठ्ठी लाख अठहत्तर हजार) थान साधारण शेयरमा विभाजन गरिएको छ । (ज) नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृती लिई कम्पनी ऐन, २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनको अधीनमा रही वित्तीय संस्थाले आफ्नो पूँजी तथा स्वामित्वको संरचनामा हेरफेर गर्न सक्नेछ ।	चुक्ता पूँजी बृद्धि गर्न प्रस्ताव गरिएकाले । ऐन परिवर्तन भएको हुनाले
८. शेयर खरिद वा हस्तान्तरण गर्न कुनै बन्देज : शेयर खरिद वा हस्तान्तरण गर्न बन्देज सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ : (ज) शेयर खरिद वा हस्तान्तरण गर्न बन्देज सम्बन्धी अन्य व्यवस्था बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३, कम्पनी कानून, धितोपत्र कारोबार सम्बन्धी कानून तथा अन्य प्रचलित कानूनमा उल्लेख भए बमोजिम हुनेछ । (झ) नभएको ।	८. शेयर खरिद वा हस्तान्तरण गर्न कुनै बन्देज : शेयर खरिद वा हस्तान्तरण गर्न बन्देज सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ : (ज) शेयर खरिद वा हस्तान्तरण गर्न बन्देज सम्बन्धी अन्य व्यवस्था बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी कानून, धितोपत्र कारोबार सम्बन्धी कानून तथा अन्य प्रचलित कानूनमा उल्लेख भए बमोजिम हुनेछ । (झ) हकप्रद शेयर निष्काशनमा आफ्नो हक वापतको शेयर आवेदन गर्ने हक जुन समूहको शेयरधनी (संस्थापक वा सर्वसाधारण) हो सोही समूहका अन्य व्यक्ति वा संस्थालाई सोही समूहमा नै रहने गरी प्रचलित धितोपत्र सम्बन्धी कानूनको अधीनमा रही हक हस्तान्तरण गर्न सकिनेछ ।	ऐन परिवर्तन भएको हुनाले हकप्रद शेयर निष्काशनलाई व्यवस्थित गर्न थप व्यवस्था गर्नुपर्ने भएकाले ।
११. अन्य आवश्यक कुराहरु : (६) वित्तीय संस्थाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ र अन्य प्रचलित कानूनले बन्देज लगाएका कार्यहरू गर्न पाउने छैन । (१३) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ र कम्पनी ऐन, २०६३, धितोपत्र कारोबार सम्वन्धी कानूनका व्यवस्थाहरु एक आपसमा बाझिएमा बैंक तथा वित्तीय संस्था	११. अन्य आवश्यक कुराहरु (६) वित्तीय संस्थाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र अन्य प्रचलित कानूनले बन्देज लगाएका कार्यहरू गर्न पाउने छैन । (१३) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र कम्पनी ऐन, २०६३, धितोपत्र कारोबार सम्वन्धी कानूनका व्यवस्थाहरु एक आपसमा बाझिएमा बैंक तथा वित्तीय संस्था	ऐन परिवर्तन भएको हुनाले

MERO MICROFINANCE BITTIYA SANSTHA LTD. Estd. 2069 CORPORATE OFFICE, BATTAR, NUWAKOT

सम्बन्धी ऐनको कानूनी व्यवस्थाले प्राथमिकता पाउने छ	सम्बन्धी ऐनको कानूनी व्यवस्थाले प्राथमिकता पाउने छ	
१२. वित्तीय संस्थाको प्रकृति अनुरुप थप व्यवस्था : वित्तीय संस्थाको व्यवसायिक कारोबार नेपाल राष्ट्र बैंक ऐन, २०५८, प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिम सञ्चालन हुनेछ । वित्तीय संस्थाको धितोपत्र कारोबार र साधारण सभा संचालन सम्बन्धी कार्य प्रचलित धितोपत्र कारोबार कानून तथा कम्पनी ऐन, २०६३ बमोजिम हुनेछ ।	१२. वित्तीय संस्थाको प्रकृति अनुरुप थप व्यवस्था : वित्तीय संस्थाको व्यवसायिक कारोबार नेपाल राष्ट्र बैंक ऐन, २०५८, प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम सञ्चालन हुनेछ । वित्तीय संस्थाको धितोपत्र कारोबार र साधारण सभा संचालन सम्बन्धी कार्य प्रचलित धितोपत्र कारोबार कानून तथा कम्पनी ऐन, २०६३ बमोजिम हुनेछ ।	ऐन परिवर्तन भएको हुनाले
१३. प्रवन्धपत्रमा संशोधन भएमा लागू हुने अवस्था : (२) नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३, कम्पनी ऐन, २०६३ तथा धितोपत्र कारोबार सम्बन्धी प्रचलित कानून संशोधन भएको खण्डमा यो प्रबन्धपत्र पनि सोही बमोजिम संशोधन भएको मानिनेछ र यस प्रबन्धपत्रमा समेत सोही अनुरुप संशोधन गर्नु पर्नेछ ।	१३. प्रवन्धपत्रमा संशोधन भएमा लागू हुने अवस्था : (२) नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३ तथा धितोपत्र कारोबार सम्बन्धी प्रचलित कानून संशोधन भएको खण्डमा यो प्रबन्धपत्र पनि सोही बमोजिम संशोधन भएको मानिनेछ र यस प्रबन्धपत्रमा समेत सोही अनुरुप संशोधन गर्नु पर्नेछ ।	ऐन परिवर्तन भएको हुनाले
१४. प्रवन्धपत्र बाझिएको हदसम्म अमान्य हुने : यस प्रवन्धपत्रमा लेखिएका कुराहरु नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३, कम्पनी ऐन, २०६३ तथा धितोपत्र कारोबार सम्वन्धी प्रचलित कानूनसंग बाझिएमा बाझिएको हदसम्म स्वतः वदर भई उपरोक्त ऐन वा कानूनका व्यवस्थाहरु नै लागू हुनेछ ।	१४. प्रबन्धपत्र बाझिएको हदसम्म अमान्य हुने : यस प्रबन्धपत्रमा लेखिएका कुराहरु नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३ तथा धितोपत्र कारोबार सम्बन्धी प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः बदर भई उपरोक्त ऐन वा कानूनका व्यवस्थाहरु नै लागू हुनेछ ।	ऐन परिवर्तन भएको हुनाले
१५. संस्थापकले तत्काल लिन कबुल गरेको शेयर संख्या र उद्घोषण : हामी मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडका संस्थापकहरुले यो वित्तीय संस्था संस्थापना गरी प्रचलित कानून बमोजिम सञ्चालन गर्न मञ्जुर गरेका छौं । यो प्रवन्धपत्रमा उल्लेखित हाम्रो नाम, ठेगाना, हस्ताक्षर, हामीले लिन कबुल गरेको शेयर र साक्षी सम्बन्धी व्यहोरा ठीक सांचो हो । कुनै कारणले झुट्टा ठहरिन	१५. संस्थापकले तत्काल लिन कबुल गरेको शेयर संख्या र उद्घोषण : हामी मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडका संस्थापकहरुले यो वित्तीय संस्था संस्थापना गरी प्रचलित कानून बमोजिम सञ्चालन गर्न मञ्जुर गरेका छौं । यो प्रबन्धपत्रमा उल्लेखित हाम्रो नाम, ठेगाना, हस्ताक्षर, हामीले लिन कबुल गरेको शेयर र साक्षी सम्बन्धी व्यहोरा ठीक साँचो हो ।	बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ अनुसार

MERO MICROFINANCE BITTIYA SANSTHA LTD. Estd. 2069

गएमा संस्था दर्ता पश्चात सिर्जना हुने दायित्व व्यहोर्न हामी तयार छौं । यो प्रवन्धपत्रमा लेखिएका कुरा सांचो हो, झुट्टा ठहरे कानून बमोजिम सहन बुझाउन मञ्जुर छौं भनी सहिछाप गरेका छौं ।	कुनै कारणले झुट्टा ठहरिन गएमा संस्था दर्ता पश्चात सिर्जना हुने दायित्व व्यहोर्न हामी तयार छौं । यो प्रबन्धपत्रमा लेखिएका कुरा साँचो हो, झुट्टा ठहरे कानून बमोजिम सहन बुझाउन मञ्जुर छौं भनी सहिछाप गरेका छौं ।	

नियमावलीको प्रस्तावित संशोधनको तीन महले विवरण

साविक	प्रस्तावित संशोधन	कारण
१. कम्पनीको नाम : यस कम्पनीको नाम "मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड" हुनेछ र यसलाई अंग्रेजीमा Mero Microfinance Bittiya Sanstha Limited भनिनेछ । जसलाई यस पछि "वित्तीय संस्था" भनी सम्वोधन गरिने छ ।	१. कम्पनीको नाम : यस कम्पनीको नाम "मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड" हुनेछ र यसलाई अंग्रेजीमा Meromicrofinance Laghubitta Bittiya Sanstha Limited भनिनेछ । जसलाई यस पछि "वित्तीय संस्था" भनी सम्बोधन गरिने छ ।	बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७४ अनुसार
३. परिभाषा : विषय वा प्रसगंले अर्को अर्थ नलागेमा यस नियमावलीमा,– (क) "ऐन" भन्नाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ सम्झनु पर्छ । (घ) "वित्तीय संस्था" भन्नाले मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड सम्झनु पर्छ । (ज) "संस्थापक" भन्नाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिम वित्तीय संस्था स्थापना गर्नको लागि प्रवन्धपत्र तथा नियमावलीमा कम्तीमा एक हजार शेयर लिन मञ्जुर गरी संस्थापकको हैसियतले हस्ताक्षर गर्ने संस्था सम्झनु पर्छ । (ड) "वित्तीय कारोवार" भन्नाले वित्तीय संस्थाले गर्ने बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ४७ मा उल्लेख भए बमोजिमको कारोबार सम्झनु पर्छ ।	३. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,– (क) "ऐन" भन्नाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ सम्झनु पर्छ । (घ) "वित्तीय संस्था" भन्नाले मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड सम्झनु पर्छ । (ज) "संस्थापक" भन्नाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम वित्तीय संस्था स्थापना गर्नको लागि प्रबन्धपत्र तथा नियमावलीमा कम्तीमा एक हजार शेयर लिन मञ्जुर गरी संस्थापकको हैसियतले हस्ताक्षर गर्ने संस्था सम्झनु पर्छ । (ड) "वित्तीय कारोवार" भन्नाले वित्तीय संस्थाले गर्ने बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ४९ मा उल्लेख भए बमोजिमको कारोबार सम्झनु पर्छ ।	ऐन परिवर्तन भएको हुनाले

MERO MICROFINANCE BITTIYA SANSTHA LTD. Estd. 2069

८. नियम ७ बमोजिम जारी भएको शेयर खरिद गर्ने शेयरधनीको अधिकारमा हेरफेर गर्दा सम्बन्धित वर्गका शेयरधनीहरुको स्वीकृति चाहिने वा नचाहिने : हाल विभिन्न बर्गका शेयरहरु जारी गरिएको छैन । सो सम्बन्धी व्यवस्था गर्नु परेको खण्डमा प्रचलित कानूनको अधीनमा रही राष्ट्र बैंकको स्वीकृति लिई विभिन्न बर्गका शेयर खरिद गर्ने शेयरधनीका अधिकारमा हेरफेर गर्दा त्यस्ता वर्गका शेयरधनीहरुको स्वीकृतिको सम्बन्धमा आवश्यक व्यवस्था गर्न सकिनेछ । (क) नभएको	८. नियम ७ बमोजिम जारी भएको शेयर खरिद गर्ने शेयरधनीको अधिकारमा हेरफेर गर्दा सम्बन्धित वर्गका शेयरधनीहरुको स्वीकृति चाहिने वा नचाहिने : हाल विभिन्न वर्गका शेयरहरु जारी गरिएको छैन । सो सम्बन्धी व्यवस्था गर्नु परेको खण्डमा प्रचलित कानूनको अधीनमा रही राष्ट्र बैंकको स्वीकृति लिई विभिन्न वर्गका शेयर खरिद गर्ने शेयरधनीका अधिकारमा हेरफेर गर्दा त्यस्ता वर्गका शेयरधनीहरुको स्वीकृतिको सम्बन्धमा आवश्यक व्यवस्था गर्न सकिनेछ । (क) हकप्रद शेयर निष्काशनमा आफ्नो हक वापतको शेयर आवेदन गर्ने हक जुन समूहको शेयरधनी (संस्थापक वा सर्वसाधारण) हो सोही समूहका अन्य व्यक्ति वा संस्थालाई सोही समूहमा नै रहने गरी प्रचलित धितोपत्र सम्बन्धी कानूनको अधीनमा रही हक हस्तान्तरण गर्न सकिनेछ ।	हकप्रद शेयर निष्काशनलाई व्यवस्थित गर्न थप व्यवस्था गर्नुपर्ने भएकाले ।
५३. संस्थापकले तत्काल लिन कबुल गरेको शेयर संख्या र उद्घोषण : हामी "मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड" को संस्थापकहरुले यो वित्तीय संस्था संस्थापना गरी प्रचलित कानून बमोजिम सञ्चालन गर्न मञ्जुर गरेका छौं । यो नियमावलीमा उल्लेखित हाम्रो नाम, ठेगाना, हस्ताक्षर, हामीले लिन कबुल गरेको शेयर र साक्षी सम्बन्धी व्यहोरा ठीक सांचो हो । कुनै कारणले झुट्टा ठहरिन गएमा वित्तीय संस्था दर्ता पश्चात सिर्जना हुने दायित्व व्यहोर्न हामी तयार छौं । यो नियमावलीमा लेखिएका कुरा सांचो हो, झुट्टा ठहरे कानून बमोजिम सहन बुझाउन मञ्जुर छौं भनी सहिछाप गरेका छौं ।	५३. संस्थापकले तत्काल लिन कबुल गरेको शेयर संख्या र उद्घोषण : हामी "मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड" को संस्थापकहरुले यो वित्तीय संस्था संस्थापना गरी प्रचलित कानून बमोजिम सञ्चालन गर्न मञ्जुर गरेका छौं । यो नियमावलीमा उल्लेखित हाम्रो नाम, ठेगाना, हस्ताक्षर, हामीले लिन कबुल गरेको शेयर र साक्षी सम्बन्धी व्यहोरा ठीक साँचो हो । कुनै कारणले झुट्टा ठहरिन गएमा वित्तीय संस्था दर्ता पश्चात सिर्जना हुने दायित्व व्यहोर्न हामी तयार छौं । यो नियमावलीमा लेखिएका कुरा साँचो हो, झुट्टा ठहरे कानून बमोजिम सहन बुझाउन मञ्जुर छौं भनी सहिछाप गरेका छौं ।	बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७४ अनुसार

MERO MICROFINANCE BITTIYA SANSTHA LTD.
Estd. 2069

ग) विविध

विविध अन्तर्गत यस छैटौँ वार्षिक साधारण सभाको निर्णयको आधिकारिकताका लागि सञ्चालक समितिका अध्यक्ष र कम्पनी सचिवको हस्ताक्षर हुने निर्णय गरियो ।

१०. धन्यवाद ज्ञापन :

यस संस्थाको सञ्चालनमा सहयोग गर्ने श्री नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय लगायत विभिन्न संघ-संस्था तथा व्यक्तिहरूलाई धन्यवाद दिने निर्णय गरियो । साथै यस संस्थाको सञ्चालक समितिको सदस्यका हैसियतले आफ्नो कार्यकालमा अतुलनीय योगदान पुर्‍याउनु हुने सम्पूर्ण सदस्य महानुभावहरूलाई समेत धन्यवाद सहित आभार प्रकट गर्ने निर्णय गरियो ।

११. कम्पनी सचिव श्री रामहरि दाहालले आजको यस छैटौँ वार्षिक साधारण सभामा समावेश विषयसूची अन्तर्गतका सम्पूर्ण विषयहरू समाप्त भएको ब्यहोरा जानकारी गराउनु हुँदै आजको यस साधारण सभा समापन गरिदिनको लागि अध्यक्ष एवं सभापतिज्यूलाई अनुरोध गर्नुभयो ।

१२. विषयसूचीमा रहेका सम्पूर्ण कार्यक्रमहरू समाप्त भएको जानकारी प्राप्त भएपश्चात् अध्यक्षज्यूले सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरूलाई उहाँहरूको अमूल्य सुझाव तथा सल्लाहको लागि हार्दिक धन्यवाद दिनुभयो । साथै वित्तीय संस्थाको सञ्चालक समितिको बैठक नं. ७६ ले एनएमबि सुलभ ईन्भेष्टमेण्ट फण्ड १ बाट प्रतिनिधित्व गर्नुभएका सञ्चालक श्री कमल प्रसाद नेपालको राजिनामा स्वीकृत गरेको र उक्त रिक्त स्थानमा कानून बमोजिम सञ्चालक समितिले सञ्चालक नियुक्त गर्ने जानकारी समेत दिनुभयो । त्यसैगरी आजको यस छैटौँ वार्षिक साधारण सभा शान्ति एवं सौहार्दपूर्ण वातावरणमा सरल किसिमबाट सम्पन्न गर्न सहयोग पुर्‍याउने श्री नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, लेखापरीक्षक, विभिन्न संघ-संस्थाका प्रतिनिधिहरू, पत्रकार महानुभावहरू, बैंकका सञ्चालकहरू र सम्पूर्ण कर्मचारीहरू लगायत यस सभाहल उपलब्ध गराई सहयोग गर्ने होटल वाटर टावर, बिदुर -४, बट्टार, नुवाकोटलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै यस छैटौँ वार्षिक साधारण सभा विसर्जन भएको घोषणा गर्नु भयो ।

MERO MICROFINANCE BITTIYA SANSTHA LTD. Estd. 2069 CORPORATE OFFICE, BATTAR, NUWAKOT

....
श्री रामहरि दाहाल
कम्पनी सचिव

....
श्री सन्जिब मानन्धर
अध्यक्ष

सभा सम्पन्न मिति : २०७५ कार्तिक ०९ गते शुक्रबार तदनुसार अक्टोबर २६, २०१८ ।